नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी .नः

विषय: प्रेस विज्ञप्ति ।

गा.वि.स.सचिव हकहित संरक्षण केन्द्रले ७ बुंदे माग राखी विरोधका कार्यक्रम सञ्चालन गरेकोमा मिति २०७३ माघ २४ गते गा.वि.स.हकहित संरक्षण केन्द्र र मन्त्रालयबीच आठ बुँदै सहमति भएको छ । उक्त सहमति अनुसार आजैका मितिदेखि केन्द्रले गरेका सम्पूर्ण विरोधका कार्यक्रमहरु फिर्ता लिई सवै गा.वि.स.का सचिवहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा गई सेवा प्रवाह सुचारु गर्ने सहमति भएकोले सोही बमोजिम कामकाज गर्नु गराउनुहुन सम्बन्धित सवैको जानकारीको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

.....................
मदन कोइराला
सहायक प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका पदाधिकारी, राष्ट्रियस्तरका ट्रेड युनियनहरुका पदाधिकारी र गाउँ विकास समिति सचिव हकहित संरक्षण केन्द्रका पदाधिकारीबीच गा.वि.स.सचिवहरुले राखेका मागका सम्बन्धमा आज मिति २०७३।१०।२४ गते मन्त्रालयमा छलफल भै देहाय अनुसार सहमति भयो ।

---

**१.मागको बुंदा नं १ का सम्बन्धमा:**

लामो समयदेखि स्थानीय निकायमा निर्वाचित पदाधिकारी नभएको अवस्थामा निजामती कर्मचारीहरुले नै स्थानीय निकाय समेतको जिम्मेवारी निर्वाह गरिरहेको अवस्थालाई अन्त्य गर्न स्थानीय तहको निर्वाचनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने,

**२. मागको बुंदा नं. २ का सम्बन्धमा:**

नेपाल सरकारले गतवर्ष देखि गा.वि.स.सचिवहरुलाई उपलब्ध गराउँदै आएको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता चालु आ.व.मा श्रावण १ गते देखि नै पाउने गरी मन्त्रालयले प्रस्ताव मन्त्रिपरिषद्मा प्रस्ताव आजै दर्ता गरिसकेको ब्यहोरा जानकारी गराईयो । उक्त सिफारिस कार्यान्वयन गर्न मन्त्रालयले पहल गर्ने ।

**३. मागको बुंदा नं. ३ का सम्बन्धमा:**

स्थानीय, प्रदेश र संघीय तहमा कर्मचारी समायोजन र सो सम्बन्धी कानून निर्माण एवं संशोधन गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने र उक्त मागका सम्बन्धमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनले आवश्यक पहल गर्ने,

**४. मागको ४ नं. बुंदाका सम्बन्धमा:**

संक्रमणकालीन व्यवस्थापन अन्तर्गत गाउँपालिका वा नगरपालिकामा समाहित हुने गा.वि.स.का सचिवहरु सम्बन्धित गाउँपालिका वा नगरपालिका भित्र कामकाज गर्ने व्यवस्था मन्त्रालयले मिलाउने ।

**५. मागको बुंदा नं. ५ का सम्बन्धमा:**

यस मन्त्रालय अन्तर्गत गाउँविकास समितिको सचिवको रुपमा कार्यरत रहेका इच्छुक कर्मचारीलाई निजामती सेवा ऐन, नियमावली बमोजिम मापदण्ड बनाई चरणबद्ध रुपमा अन्यत्र सरुवा भै जान र आउन सहमति दिने,

**६. मागको बुंदा नं. ६ को सम्बन्धमा:**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट कर्मचारीका सेवा, शर्त सम्बन्धमा अध्ययन गर्ने विषयमा गठन हुने मन्त्रालयस्तरीय अध्ययन कार्यदलमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन (विभागीय) को प्रतिनिधि सदस्य रहने व्यवस्था गर्ने ।

**७. मागको बुंदा नं. ७ को सम्बन्धमा:**

सुनसरी जिल्लाको तनमुना गा.वि.स.का सचिवलाई मिति २०७३।१०।१२ का दिन भएको दुर्व्यवहारको घटना सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण भएकोले त्यस्ता कार्य हुन नदिन नेपाल सरकार गृह मन्त्रालय मार्फत स्थानीय प्रशासनलाई कार्यस्थलको सुरक्षाको आवश्यक व्यवस्था मिलाउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गर्न अनुरोध गर्ने र उक्त घटनाका दोषिलाई कानून बमोजिम कारबाही गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाउने,

८. गा.वि.स. सचिव हकहित संरक्षण केन्द्रले प्रस्तुत गरेका मागहरुका सम्बन्धमा माथि उल्लेख भए बमोजिम सहमति भएकोले आजैका मितिदेखि केन्द्रले गरेका सम्पूर्ण विरोधका कार्यक्रम फिर्ता लिई देशभरका सबै गा.वि.स.सचिवहरु आ-आफ्नो कार्यक्षेत्रमा गई सेवा प्रवाह सुचारु गर्ने,

| | |
|---|---|
| सहसचिव श्री चक्र वहादुर बुढा<br>संघीय मामिला तथा स्थानीय विकास<br>मन्त्रालय | अध्यक्ष श्री दामोदर रिजाल<br>गा.वि.स. सचिव हकहित संरक्षण<br>केन्द्र |

## उपस्थिती

१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय उपसचिव श्री मदन कोइराला

२. नेपाल निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका कार्यबाहक अध्यक्ष श्री भोलानाथ पोखरेल

३. नेपाल निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका कार्यवहाक कोषाध्यक्ष श्री सिन्धु पाण्डे

४. नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय ~~कार्यालय~~ सचिव श्री रामचन्द्र अधिकारी

५. नेपाल निजामती कर्मचारी युनियन संघका प्रतिनिधि श्री उत्तम कुमार बढुवाल के.स.

६. नेपाल राष्ट्रिय कर्मचारी संगठन, निजामतीका सचिवालय सदस्य श्री अम्वादत्त भट्ट

७. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन विभागिय अध्यक्ष श्री केशवराज पाधे

(८) एकनारायण काफ्ले वरिष्ठ उपाध्यक्ष गा.वि.स.सचिव हकहित सं.के.नेपाल

(९) शरण बहादुर बढुवाल उपाध्यक्ष ,, — ,, — ,,

(१०) विनोद तिवारी कोषाध्यक्ष ,, ,, ,, ,, ,,

(११) नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय वामदेव अधिकारी

(१२) ,, ,, के.प्र. शकुन्तला जोशी